झापा गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को

# अनुमानित आय-व्यय विवरण

## वार्षिक बजेट आ.व. २०७९/८०

झापा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

टाघनडुब्बा, झापा।

१ नं. प्रदेश, नेपाल

प्रस्तुतकर्ता : अन्जुदेवी थपलिया, उपाध्यक्ष - झापा गाउँपालिका

सभामा पेश मिति : १० आषाढ २०७९

सभाबाट पारित मिति : १० आषाढ २०७९

प्रमाणीकरण मिति : २० आषाढ २०७९

# आ.व. २०७९/८० को बार्षिक बजेट

आदरणीय सभाध्यक्षज्यू, सम्पूर्ण गाउँसभा सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, संचारकर्मी मित्रहरू, झापा गाउँपालिकाको विकास र समृद्धिको ऐतिहासिक दस्तावेज यस गरिमामय सभामार्फत प्रस्तुत गर्न म यहाँहरु माझ उपस्थित भएको छु । पुरानो शासन सत्ता राजतन्त्रात्मक शासन व्यवस्था प्रणालीको अँध्यारो युगको अन्त्य गरी जनप्रतिनिधि मार्फत राज्य संचालन गर्ने संघीय लोकतान्त्रिक गणतन्त्रको युगमा प्रवेश गराउने क्रममा आफ्नो जीवन आहुति गर्ने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरू प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु । कोभिड १९ को कारणले स्वदेश तथा विदेशमा ज्यान गुमाउनु हुने नेपाली लगायत विश्वभरका नागरिकहरू प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै सङ्क्रमितहरु प्रति शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

सभाध्यक्ष महोदय,

संविधान कार्यान्वयको पहिलो पांच बर्षे कार्यकाल समाप्ति पछी दोस्रो स्थानीय तह सदस्य निर्वाचन गरी राजनैतिक संक्रमण कालको अन्त्य भई देश विकास र समृद्धिको सुखद चरणमा प्रवेश गरी **"समृद्ध नेपाल सुखी नेपाली"** को मूल मर्म अनुसार कार्य थालनी गर्ने एउटा जिम्मेवार सदस्यको हैसियतमा तपाई हामीलाई पाउँदा अत्यन्तै खुसी साथै गौरवान्वित महसूस भएको छ । स्थानीय तहको निर्वाचन पश्चात् निर्वाचित जनप्रतिनिधिमार्फत यस गाउँसभामा पाँच वर्षको बजेट यस अघि पेश भई कार्यान्वयन समेत भइसकेको छ । आज म यस पालिकाको छैटौं बार्षिक बजेट प्रस्तुत गर्न गईरहेको छु । हामीले निर्वाचनको समयमा घोषणापत्र मार्फत देखाएका विकासको सपना पूरा गर्ने समयको सुरुवातमा प्रवेश गरिसकेका छौं । विगतका पाँच आर्थिक वर्षमा भएका विकासका योजना तथा कार्यक्रमलाई थप व्यवस्थित बनाउँदै सुविधा सम्पन्न, सम्भावना युक्त गाउँपालिका बनाउने समय यहाँहरु माझ पुनः स्मरण गराउन चाहन्छु । हामीले हालसम्म विनियोजन गरेको बजेट मार्फत सञ्चालित योजनाहरुले यस गाउँपालिकाको नागरिकको जीवनस्तरमा आएको परिवर्तन तथा समग्र मानवविकासमा आएका सुधार , अन्य स्थानीय सरकार र हाम्रा विकासका प्रयासका समानता र नयाँपन , हामीले लिएका नीति तथा कार्यक्रमले "समृद्ध नेपाल

सुखी नेपाली"को राष्ट्रिय अभियानमा पुगेको योगदानको सन्दर्भ समीक्षा गर्दै अगाडि बढ्नुपर्ने समय आएको छ ।

सभाध्यक्ष महोदय,

कोरोना भाइरसको तेस्रो लहरबाट विश्वकै समग्र अर्थतन्त्र प्रभावित बनेको छ । नेपालमा समेत यस महामारीका कारण सबै विकासका कार्यक्रमहरु प्रभावित भएको अवस्था छ । राज्यका सबै शक्ति र संयन्त्र नै यस महामारी विरुद्ध परिचालित हुनुपरेको छ । तीनै तहका सरकारहरु यसको असरबाट कसरी मानव अस्तित्त्वलाई सुरक्षित राख्ने र सिथिल अर्थतन्त्रलाई चलायमान बनाउने भन्ने ध्यानमा केन्द्रित भएको अवस्था छ । यस महामारीको असरका कारण संघीय सरकार र प्रदेश सरकार तथा अन्य विकासका साझेदारहरुबाट यस गाउँपालिकाको विकास र समृद्धिका लागि प्रतिबद्धता गरिएकोमा प्रतिबद्धता अनुसारको बजेट प्राप्त नहुँदा यस गाउँपालिकाको बजेटका योजना तथा कार्यक्रम प्रभावित बनेको अवस्था छ । यसबाट हाम्रो बजेटमा कत्तिको असर परेको छ , हामी सहजै अनुमान गर्न सक्छौ ।

सभाध्यक्ष महोदय,

नेपालको संविधानले हामीलाई प्रदान गरेको अधिकार, कर्तव्य र दायित्त्वको उचित प्रयोग र कार्यान्वयन गर्न सक्षम बन्दै जानु प्रमुख चुनौती बन्दै गएको छ । संघीय एवं प्रादेशिक सरकारको अनुदानमा यस गाउँपालिकाको विकास आजसम्म निर्भर रहँदै आएको छ । यसो हुनाले गाउँपालिकाको सर्वपक्षीय विकासलाई ठोस रुपमा अघि बढाउन नसकिएको अबस्था छ । नमूना योग्य विकासका प्रयास हुँदाहुदै पनि पर्याप्त बजेट अभावका कारण हामी हाम्रा प्रयास दिगो र आम जनमानसमा अनुभूति हुने किसिमले देखाउन सकिरहेका छैनौं । करौडौं रकम बराबरको बजेट विनियोजन भई रहँदा समेत आज हामी स्वयम् जनप्रतिनिधि एवं आम नागरिकले कष्टप्रद अनुभूती गरिरहेको स्पष्ट छ । हामीले गरेका विकासका प्रयासहरुले जनतामा परिवर्तनको अनुभूति हुन जरुरी हुन्छ । यसर्थ हाम्रो तत्कालीन समयलाई आफ्नो कार्यकाल मात्रै सोच्दै गरिने विकासको शैलीलाई अझ परिवर्तन गरी दीर्घकालीन बनाउनु पर्ने भएको छ ।

सभाध्यक्ष महोदय,,
आ.व. २०७९/८० को वार्षिक बजेट प्रस्तुत गर्नुभन्दा पहिले म चालु आ.व. २०७८/७९ को हाल सम्मको बजेट कार्यान्वयनको समीक्षा गर्न चाहन्छु ।

चालु आ.व. २०७८/७९ का लागि गत वर्ष २०७८ साल असार १० गते सम्मानित गाउँसभाबाट बिनियोजित कुल रकम रु ४५ करोड ७४ लाख ५ हजार ५ सय मध्ये मिति २०७९ असार ०९ सम्म पुंजीगततर्फ र चालु तर्फ करिब ७० प्रतिशत खर्च भएको छ ।

सभाध्यक्ष महोदय ,
निर्वाचनमार्फत यस गाउँपालिकाको विकासको नेतृत्व लिंदै गर्दा गाउँपालिकाको समग्र विकासमा उल्लेख्य सुधार गनुपर्नेछ । मानव विकास, सुशासन, सडक पूर्वाधारहरुको तीब्र विकास, भौतिक सुधारका थुप्रै योजनाहरु, स्वास्थ्य क्षेत्रको सुधार, जनताको गाँसबास र जनजीविकाका सवालमा गाउँपालिकाले सुरुवात गरेका दर्जनौ कार्यक्रमहरुले गाउँपालिकाको मुहार फेरिने क्रममा रहेको छ । हालसम्म ४ वटा पक्की पुल निर्माण सम्मन्न भएका छन भने ४ वटा ट्रस्ट पुल निर्माण सम्पन्न भैसकेको छन् ।

हालसम्म करिव ५५ किलोमिटरभन्दा बढी सडक कालोपत्रे भएका छन। स्वास्थ्य तर्फ ४ वटा आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण भईसकेको छ, टाघनडुब्बा स्वास्थ्य चौकी स्तरोन्नति भइ १० शैयाको अस्पताल ठेक्का सम्झौता सम्पन्न भइ निर्माणको क्रममा छ । त्यसैगरी गाउँपालिकाको प्रशासकीय भवन, वडा १,३,५ र ७ को कार्यालय भवन निर्माण भैसकेको अवस्था छ ।तीनवटै स्वास्थ्य चौकीहरू र एक आधारभूत स्वास्थ्य केन्द्रमा ल्याब स्थापना भई सेवा प्रवाहको व्यवस्था मिलाइएको छ ।कोरोना भाइरसको पहिचान, व्यवस्थापन र रोकथामका लागि निःशुल्क परिक्षण लगायत अस्थायी अस्पताललाई निरन्तर संचालन गरिएको छ ।

सभाध्यक्ष महोदय,
अब म यस गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को बजेट निर्माण गर्न लिएका आधारहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु

- नेपालको संविधान।

- संघीय सरकार तथा प्रदेश सरकारका आवधिक योजना।
- स्थानीय सरकार संचालन ऐन २०७४।
- संघीय तथा प्रदेश सरकारका विभिन्न समयका परिपत्र तथा मार्गदर्शन।
- विभिन्न समयमा गाउँपालिकामा राजनीतिक दल, स्थानीय सरोकारवाला, नागरिक समाज, तथा आम उपभोक्ताहरुको भेलाका निर्णय तथा प्राप्त सुझावहरु।
- गाउँपालिकाले विभिन्न विकासका साझेदारहरुसँग गरेका प्रतिबद्धताहरु।
- विभिन्न विषयगत क्षेत्रका नीति तथा नियमहरु।
- संघीय तथा प्रदेश संसदका प्रतिनिधिज्यूहरुको सल्लाह तथा सुझावहरु।
- वडा समितिबाट प्राप्त माग तथा सुझावहरू।
- दातृ निकायहरूसँग भएका सम्झौताहरू।
- श्रोत साधनको उपलब्धता।
- सरोकारलाहरू सँगको सहमति आदि ।

सभाध्यक्ष महोदय,

अब म आ.व. २०७९/८० को यस गाउँपालिकाको अनुमानित आयव्ययको प्रमुख विशेषता प्रस्तुत गर्ने अनुमति चाहान्छु।

**१. सोच** : झापा गाउँपालिकालाई सुशासनयुक्त शान्त, समृद्ध एंव सुविधा सम्पन्न गाउँपालिकाको रुपमा स्थापित गर्ने ।

**२. लक्ष्य** : आ.व २०७९/८० भित्र यस गाउँपालिकाको भौत्तिक एंव सामाजिक विकासमा आम नागरिकहरुको न्यायोचित तथा प्रत्यक्ष सहभागीताको सुनिश्चितता गर्ने स्थितिको सिर्जना गर्ने ।

**३. उद्देश्य :**

"झापा गाउँपालिकाको दृष्टि : व्यावसायिक कृषि र दिगो विकास मार्फत समृद्धि" भन्ने मुल नारासहित गाउँपालिकाबासीको जीवनस्तरमा परिवर्तन ल्याई गरिवी न्यूनीकरण गर्दै विकासको प्रतिफलमा न्यायोचित वितरण गर्दै परिवर्तनको प्रत्यक्ष अनुभुति गराउने यस बजेटको प्रमुख उद्देश्य हुनेछ ।

**४. सहायक उद्धेश्यहरु :**

- सडक यातायातलाई दिगो बनाउदै ग्रामीण सडकको स्तरोन्नती गर्ने साथै भौतिक पूर्वाधार विकासलाई जोड दिने ।
- गाउँपालिकाभित्र स्वास्थ्य तथा शिक्षा क्षेत्रमा गुणात्मक सुधार गर्दै गुणस्तरीय स्वास्थ्य सेवा तथा शिक्षाको प्रत्याभूति दिलाउने ।
- कृषि आधुनिकीकरण मार्फत रोजगारी प्रवर्द्धन गर्ने ।
- शान्त, सहिष्णुता युक्त र सामाजिक न्याय सहितको समतामूलक समाजको निर्माण गर्ने ।
- गाउँपालिकाको सेवा प्रवाहमा छरितो, पारदर्शी तथा जवाफदेही बनाउँदै जनताको घरदैलो सम्म प्रभावकारीता अभिवृद्धि गर्ने ।

**५. प्राथमिकता**

आ.व २०७९/८० को बजेटको प्राथमिकता क्षेत्रहरु निम्न बमोजिम रहेका छन् ।

- कृषि क्षेत्रको सुरुवात गर्दै कृषिजन्य वस्तुको बजारीकरण।
- सडक तथा अन्य भौतिक पूर्वाधार निर्माण।
- स्वास्थ्य, शिक्षा तथा लक्षित वर्गको विकास।
- सामाजिक न्याय तथा समानता सहितको समाज निर्माण।
- गुणस्तरीय सेवाप्रवाहमार्फत सुशासन प्रर्वद्धन।

सभाध्यक्ष महोदय,

सीमित पुंजीबाट अनेकौं क्षेत्रको विकासका ईच्छा, आकाङ्क्षा, चाहना, आवश्यकता परिपूर्ति गर्नुपर्ने हाम्रो बाध्यता छ । कुल बजेटको आकार ठुलो देखिएता पनि हामीलाई प्राप्त विकास बजेटको हिस्सा न्यून रहेकाले सबै वडाबाट, विषयगत समितिबाट, एवं अन्य पक्षबाट माग भएको योजना तथा कार्यक्रमलाई माग भएजति रकम विनियोजन गर्न नसकिएको व्यहोरा म यहाँहरु माझ सादर जानकारी गराउन चाहन्छु ।

सभाध्यक्ष महोदय,

२०७९ साल असार ०९ गते यस गरिमामय सभामा प्रस्तुत भएको गाउँपालिकाको नीति तथा कार्यक्रमलाई यस बजेटले सकेसम्म सम्बोधन गर्ने र कार्यक्रमलाई सोही

अनुरुप बजेट विनियोजन गर्ने प्रयास गरेको विश्वास दिलाउन चाहन्छु । अब म आ.व. २०७९/८० को बार्षिक बजेटको विस्तृत विवरण सार्वजनिक गर्न गईरहेको छु ।

आयतर्फ

| | |
|---|---|
| १. संघीय राजश्व बाँडफाँड | : रु ९ करोड ९८ लाख ६ हजार |
| २. संघीय सशर्त अनुदान | : रु २० करोड ९७ लाख |
| ३. संघीय समानीकरण अनुदान | : रु १२ करोड ४९ लाख |
| ४. संघीय समपूरक अनुदान | : रु १ करोड ६० लाख |
| ५. संघीय विशेष अनुदान | : १ करोड |
| ६. प्रदेश समानीकरण अनुदान | : रु ७३ लाख ४६ हजार |
| ७. प्रदेश राजश्व बाँडफाड | :रु ४२ लाख २४ हजार ५ सय |
| ८. प्रदेश सशर्त अनुदान | : रु १ लाख २३ हजार |
| ९. प्रदेश समपूरक अनुदान | : १ करोड |
| १०. आन्तरिक आय | : रु १ करोड ६० लाख |
| **जम्मा आय (अनुमानित)** | **: रु ५० करोड ८१ लाख ५३ हजार ५ सय मात्र ।** |

यसरी कुल विनियोजित रकम रु ५० करोड ८१ लाख ५३ हजार ५ सय रहेको छ र यसलाई मैले झापा गाउँपालिकाको विनियोजन विधेयक २०७९ मा प्रस्तुत गरेको छु र यसको विस्तृत विवरण , कर, दस्तुर, जरिवानाका दरहरु आर्थिक विधेयकको अङ्गको रुपमा पेश गरेको छु ।

<u>व्ययतर्फ</u>

उल्लेखित आयका आधारमा झापा गाउँपालिकाको विनियोजन विधेयक २०७९/८० देहाय बमोजिम प्रस्तुत गरेको छु ।

**१. चालु खर्च तर्फ रु ८ करोड ९ लाख आर्थिक वर्ष २०७९/८० का लागि विनियोजन गरेको छु ।**

**२. पुँजीगत तर्फ रकम विनियोजन गर्दै देहाय बमोजिमका उपशीर्षकमा विभाजन गरेको छु**

क. आर्थिक विकास तर्फ रु : रु २ करोड ०६ लाख

ख. पूर्वाधार विकास तर्फ रु : रु. ११ करोड ६७ लाख ८९ हजार ५००

ग. वन वातावरण विपद तथा सरसफाई : ६ लाख

घ.संस्थागत विकास , सेवा प्रवाह तथा सुशासन : १४ लाख

ङ. सामाजिक विकास : ४ करोड २० लाख ४१ हजार

**३. संघीय सशर्त अनुदान : रु २० करोड ९७ लाख**

**४. संघीय विशेष अनुदान : रु १ करोड**

**५. संघीय समपूरक अनुदान : रु १ करोड ६० लाख**

**६. प्रदेश सशर्त अनुदान : रु १ लाख २३ हजार**

**७. प्रदेश समपूरक अनुदान : १ करोड**

जम्मा व्यय (अनुमानित) : रु ५० करोड ८१ लाख ५३ हजार ५ सय मात्र ।

यसरी कुल विनियोजित रकम रु ५० करोड ८१ लाख ५३ हजार ५ सय रहेको छ र यसलाई मैले झापा गाउँपालिकाको विनियोजन विधेयक,२०७९ मा प्रस्तुत गरेको छु ।

विनियोजन विधेयकका शीर्षकगत बाँडफाँड देहायबमोजिम हुनेगरी विस्तृत रुपमा उल्लेख गरेको छु।

**१. चालु खर्च** शीर्षकका सम्पूर्ण क्रियाकलापहरुका लागि एकमुष्ट रु ६ करोड ६८ लाख ९० हजार विनियोजन गरेको छु जुन अनुसूचि -१ मा उल्लेख भए बमोजिम रहेको छ ।

**२. पुँजीगत खर्च** शीर्षकका योजना तथा कार्यक्रमहरुका लागि अनुसुची २ देखि ६ बमोजिमको बजेट विनियोजन गरेको छु ।

सभाध्यक्ष महोदय,

१. नेपाल सरकारबाट सशर्त अनुदान (चालु) गरिव घर परिवार पहिचान तथा परिचयपत्र वितरणको गुनासो सुनुवाई कार्यक्रमका लागि रु २ लाख विनियोजन भएको छ ।

२. सबैका लागि शिक्षा आधारभूत तह तर्फ रु ८ करोड ३० लाख विनियोजन गरिएको छ ।

३. माध्यमिक तह स्वीकृत दरबन्दीका शिक्षक राहत अनुदान शिक्षकका लागि रु १ करोड ७१ लाख विनियोजन गरिएको छ ।

४. विद्यालय क्षेत्र विकास कार्यक्रमका लागि रु ५ करोड ३५ लाख विनियोजन गरिएको छ ।

५. प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत बेरोजगार श्रमिक तथा युवा रोजगार रुपान्तरण पहल कार्यक्रमका लागि रु ४७ लाख विनियोजन गरिएको छ ।

६. राष्ट्रिय परिचय पत्र एवं पन्जिकरण कार्यका लागि रु १० लाख विनियोजन गरिएको छ ।

७. स्थानीय स्तरमा उद्यमशीलता विकासका लागि गरिवी निंवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन गर्न रु २९ लाख विनियोजन भएको छ ।

८. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना मार्फत कृषि उत्पादन केन्द्र (पकेट) विकासका लागि रु १८ लाख तथा पशु सेवा विकासका लागि २४ लाख प्राप्त भएको छ तथा कृषि तर्फ सशर्त अनुदान बापत ४५ लाख प्राप्त भएको छ ।

९. बहुक्षेत्रीय पोषण कार्यक्रम संचालन गर्न रु ३ लाख, पशुसेवा विभागका लागि रु २४ लाख, आयुर्वेद सेवा कार्यक्रमका लागि रु ३३ लाख, परिवार कल्याण कार्यक्रम रु ३४ लाख, क्षयरोग निवारणका लागि रु २ लाख, उपचारात्मक सेवा कार्यक्रमका लागि रु २१ लाख, नर्सिंग तथा सामाजिक सेवा कार्यक्रमका लागि रु ८ लाख, महामारी रोग नियन्त्रण कार्यक्रमका लागि रु १ लाख, प्राथमिक स्वास्थ्य सेवा संचालनका लागि रु १ करोड ४२ लाख विनियोजन भएको छ ।

१०.संघीय सरकारबाट प्राप्त समपूरक अनुदान तर्फ कामाटोली बजारदेखि निखिल चोक हुँदै सिमलबाडी सम्म सडक कालोपत्रे योजना सम्पन्न गर्न रु १ करोड ६० लाख बिनियोजन भएको छ ।

११. नेपाल सरकारबाट सशर्त अनुदान (पूजीगत) तर्फ सितुमारी मिलनबस्ती, बिरिंग खोला चन्द्रबस्ती, झापा-०६ मा झोलुंगे पूल निर्माणका लागि २७ लाख रुपैयाँ विनियोजन भएको छ ।

१२. तराई मधेस समृद्धि कार्यक्रम मार्फत दुर्गा मन्दिर सामुदायिक भवन निर्माणका लागि रु ३५ लाख विनियोजन भएको छ ।

१३. नेपाल सरकारको विशेष अनुदान (पूँजीगत) तर्फ सन्थाल, दलित, मुस्लीम, मधेसी, आदिबासी, जनजाति लगायत विपन्न वर्गका लागि १०० वटा आवास निर्माण गर्न वडा नं १ र २ मा रु १ करोड प्राप्त भएको छ ।

सभाध्यक्ष महोदय,

माथि उल्लेखित संघीय सशर्त, संघीय समपूरक र संघीय विशेष अनुदान मार्फत विनियोजित कार्यक्रम संक्षिप्तमा प्रस्तुत गरिसके पछि अब म आ.व. २०७९/८० का लागि झापा गाउँपालिकास्तरीय चालु खर्च प्रस्तुत गर्न गइरहेको छु ।

१४. चालु खर्च तर्फः

- नेपाल सरकारले कर्मचारीको मासिक तलबमा १५% वृद्धि गरेको तलबलाई निरन्तरता दिँदै स्थायी तथा करार सेवाका कर्मचारीहरूको पारिश्रमिकमा १५% वृद्धि गर्न आवश्यक रकम विनियोजन गरेको छु ।
- झापा गाउँपालिकाको स्रोतबाट तलब खाने करार सेवाका कर्मचारीहरूलाई सामाजिक सुरक्षाका क्षेत्रमा समेट्ने उद्देश्यका साथ संचयकोषमा आवद्ध गर्न सम्बन्धित कर्मचारीको पारिश्रमिकबाट १०% कट्टा गरी सोहि बराबर थप गरी संचय कोषमा जम्मा गर्नका लागि आवश्यक रकम विनियोजन गरेको छु । भुमि सम्बन्धी कार्यका लागि थप कर्मचारी व्यवस्थापन गर्न रु १० लाख विनियोजन गरेको छु ।
- झापा गाउँपालिकाका सम्पूर्ण बाल शिक्षक तथा विद्यालय कर्मचारीहरूका लागि हालको तलबमा १५% वृद्धि गरी आवश्यक रकम विनियोजन गरेको छु ।

- झापा गाउँपालिकामा रहेका मदरसाहरूको व्यवस्थापन गर्नका लागि रु ५२ लाख विनियोजन गरेको छु ।
- वडास्तरीय चालु खर्चका लागि गत बर्षको रकममा प्रतिवडा रु ५० हजार वृद्धि गरी रु ३१ लाख ५० हजार विनियोजन गरेको छु ।
- सार्वजनिक सेवा प्रवाह गर्ने राष्ट्रसेवक कर्मचारीहरूलाई प्रोत्साहन स्वरूप प्रतिदिन रु. ५० रुपैया का दरले खाजा खर्चका लागि आवश्यक रकम विनियोजन गरेको छु, विविध खर्च रु २३ लाख, सभा संचालन खर्च रु ७ लाख, घरभाडा रु ३ लाख, सवारी साधन मेसिनरी ५ लाख, भैपरी आउने चालु खर्च १२ लाख, गाउँपालिका वडा कार्यालय, विषयगत शाखा कार्यालय आदिको अर्धवार्षिक तथा वार्षिक समिक्षा गोष्ठीका लागि रु २ लाख, अध्ययन,अनुसन्धान, अवलोकन भ्रमण कार्यक्रम (जनप्रतिनिधि तथा कर्मचारी) खर्च २ लाख, ऐन नियम कार्यविधि निर्माण २ लाख, कार्यक्रम अन्य खर्च ५ लाख, इन्धनका लागि रु २५ लाख, सवारी साधन मर्मत १७ लाख, बिमा तथा नवीकरण रु ५ लाख, मेसिनरी तथा औजार मर्मत सम्भार तथा संचालन खर्च ६ लाख, मसलन्द तथा कार्यालय सामग्री रु ३० लाख , पुस्तक तथा सामग्री खर्च १ लाख, इन्धन अन्य प्रयोजन रु ३ लाख ५० हजार, पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च २० लाख, सेवा तथा परामर्श खर्च रु २० लाख, कर्मचारी बैठक भत्ता रु ५ लाख, पदाधिकारी बैठक भत्ता रु १५ लाख, पदाधिकारी सुविधा रु ६० लाख, कर्मचारी कल्याण कोषका लगी रु १५ लाख, पानी तथा बिजुली रु ६ लाख, संचार १० लाख, सवारी साधन भाडा ६ लाख, अन्य भत्ताका लागि ४ लाख रुपैयाँ गरी जम्मा **रु ८ करोड ०९ लाख** चालु खर्च तर्फ विनियोजन गरेको छु ।

सभाध्यक्ष महोदय,

अब म यस गाउँपालिकाको पूँजीगत खर्चको बिनियोजन देहाय बमोजिम रहने गरी प्रस्तुत गर्न गइरहेको छु ।

१५.<u>आर्थिक विकास तर्फ</u>

- सहकारी विकासका लागि रु ६ लाख, ५०% लागत साझेदारीमा कृषि समूह र कृषि सहकारी मार्फत किसानलाई धान, मकै र आलुको उन्नत बिउबिजन खरिद तथा वितरण गर्नका लागि रु ५० लाख विनियोजन गरेको छु । कृषक, कृषि समूह र कृषि सहकारी सँगको ५०% साझेदारीमा कृषिजन्य मेसिनको खरिद तथा वितरणका लागि रु २५ लाख, कृषि क्षेत्रमा विद्युत विस्तार तथा व्यवस्थापनका लागि रु ८० लाख, कृषकलाई सिंचाईं कार्यको लागि विद्युत महसुलमा बढीमा ५०% सम्म अनुदान प्रदान गर्नका निमित्त रु २० लाख विनियोजन गरेको छु । कृषि वाली तथा पशुपालनमा कृषकसंगको ५०/५० प्रतिशतको लागत साझेदारी मार्फत विमा कार्यक्रमका लागि रु ६० लाख विनियोजन गरेको छु तथा कृषक तालिमका लागि रु २ लाख विनियोजन गरेको छु ।
- पशु सेवा विकास तर्फ ५०% लागत साझेदारीमा नश्ल सुधार कार्यक्रम संचालन गर्नका लागि रु ३ लाख, पशु आहारका लागि घाँसको बिउ वितरण रु १ लाख, पशु रोग नियन्त्रण तथा औषधि खरिदका लागि रु ५ लाख विनियोजन गरेको छु ।
- त्यसैगरी पर्यटन क्षेत्रको विकासका लागि रु ८ लाख विनियोजन गर्दै झापा गाउँपालिकाको समग्र आर्थिक विकासका लागि रु २ करोड ०६ लाख बजेट विनियोजन गरेको छु ।

१६.<u>पूर्वाधार विकासका तर्फ</u>

- वडास्तरीय योजनाका लागि प्रत्येक वडामा रु ५१ लाखका दरले रु ३ करोड ६० लाख, गाउँपालिका स्तरीय तथा झापा गौरवका आयोजनाका लागि रु ४ करोड ९० लाख, समपूरका कोषका लागि रु ६५ लाख, सानातिना मर्मतका लागि रु ६७ लाख ८९ हजार ५ सय, स्थानीय सरकार संचालन ऐन २०७४ दफा ७० मा व्यवस्था भए बमोजिम स्थानीय कानुन बमोजिम खर्च हुने गरी आकस्मिक कोष स्थापना गरी संचालन गर्न

आकस्मिक कोषमा रु ५० लाख, बिपन्न आवास कार्यक्रमका लागि रु १ करोड, अस्पताल भवनका लागि रु २० लाख,, आवधिक योजना, मध्यकालीन खर्च संरचना तथा डीपीआरका लगायत परामर्श सेवाका लागि रु १५ लाख विनियोजन गर्दै समग्र पूर्वाधार विकासका लागि जम्मा रु ११ करोड ६७ लाख ८९ हजार ५ सय विनियोजन गरेको छु ।

**१७. वन वातावरण तथा सरसफाई तर्फ**

- वन तथा वृक्षरोपण कार्यक्रमका लागि रु २ लाख, फोहोरमैला, सरसफाई तथा खानेपानी व्यवस्थापन गर्न रु ४ लाख गरी वन वातावरण तथा सरसफाई तर्फ रु ६ लाख विनियोजन गरेको छु ।

**१८.संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन तर्फ**

- सामाजिक परिक्षण, सार्वजनिक सुनुवाईका लागि रु १ लाख, डिजिटल सेवा बडापत्र व्यवस्थापना लागि १ लाख, मेसिनरी औजार व्यवस्थापन गर्नका लागि रु ४ लाख, कर्मचारी सूचना प्रविधि तालिमका लागि रु ३ लाख,न्यायिक समिति तथा मेलमिलाप कर्ताहरूका लागि पूनर्ताजगी तालिमका लागि रु १ लाख, न्यायिक समिति तथा मेलमिलाप समितिको कार्यालय व्यवस्थापनका लागि रु २ लाख तथा वडास्तरमा रहेका मेलमिलाप केन्द्रलाई दिवाखाजा व्यवस्थापनका लागि प्रतिवडा वार्षिक रु १४ हजारका दरले एकमुष्ट रु. १ लाख गरी संस्थागत क्षमता विकास, सेवा प्रवाह तथा सुशासन तर्फ जम्मा रुब १४ लाख विनियोजन गरेको छु ।

**१९.सामाजिक विकासका तर्फ**

- **शिक्षा :**

शिक्षा विकासका लागि रु २० लाख, विद्यालयको भौतिक सुधार तथा व्यवस्थापन एवं जनता र डिल्लीराज मा.वि. मा निःशुल्क प्लस टु शिक्षा प्रदान गर्न रु ७० लाख, नौ कक्षामा अध्ययनरत छात्रछात्रालाई साइकल वितरण गर्नका लागि रु ४१ लाख, विभिन्न प्रकारका छात्रवृत्ति कार्यक्रम (मुस्लीम, एस.ई.ई. मा प्रथम गर्ने विद्यार्थी, प्राविधिक शिक्षा, तुस्रा हेमरम) रु ६ लाख ५० हजार,

विद्यालय संचालन अनुदान रु ५ लाख २५ हजार, स्थानीय पाठ्यक्रम निर्माण तथा पाठ्यपुस्तक छपाई गर्नका निम्ति रु १० लाख, शिक्षक सूचना प्रविधि तालिमका लागि रु ५ लाख र झापा नमुना कलेज संचालन गर्नका लागि रु १० लाख विनियोजन गरेको छु ।

➢ **स्वास्थ्यः**

- स्वास्थ्य जीवन योग तथा ध्यान विपासना कार्यक्रम संचालन गर्न रु १ लाख, आयुर्वेद सेवाका कार्यक्रमहरू संचालन गर्न रु ६ लाख, सबै जातजाति, भाषा धर्म संस्कृतिका विपन्न परिवार र विपन्न वर्गका दलितको लागि स्वास्थ्य विमा कार्यक्रमका लागि ५ लाख, उपाध्यक्ष मातृ शिशु स्याहार कार्यक्रमका लागि रु ४ लाख, झापा गाउँपालिकाका गर्भवती महिलालाई झापा जिल्लाभरीका अस्पताल सम्म लैजान ल्याउनका लागि निःशुल्क एम्बुलेन्स सेवा (जिरो होम डेलिभरी) प्रदान गर्नका लागि रु १० लाख विनियोजन गरेको छु ।
- अस्पताल तथा स्वास्थ्य सेवा संचालनका लागि रु २५ लाख , जनता उपचार कोषमा रु ५ लाख, महिला स्वास्थ्य स्वयमसेविकालाई दिइदै आएको मासिक प्रोत्साहनमा रु ५०० वृद्धि गरी रु ३००० पुर्याइएको छ जसका लागि रु ११ लाख १६ हजार विनियोजन गरिएको छ ।
- झापा गाउँपालिकामा स्थायी बसोबास गर्ने नागरिकलाई सुगर,प्रेसर लगायतका दिर्घ रोगीहरूको निःशुल्क स्वास्थ्य विमा कार्यक्रमका लागि रु १० लाख विनियोजन गरेको छु ।

➢ **युवा तथा खेलकुदः**

- अध्यक्ष कप फुटबल, भलिवल तथा क्रिकेटलाई निरन्तरता दिंदै यसका लागि ८ लाख तथा खेलकुद विकास कार्यक्रममा रु ७ लाख विनियोजन गरेको छु। युवा उद्यमशीलता प्रवर्द्धन अभिमुखीकरण र विकासका लागि रु ३ लाख, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पहिचान बनाउन सफल खेलाडी

सम्मानका लागि रु १ लाख, झापा गाउँपालिकास्तरीय रास्ट्रपति रनिंग शिल्ड कपका लागि रु १ लाख ५० हजार विनियोजन गरेको छु ।

➢ **महिला, बालबालिका तथा ज्येष्ठ नागरिक:**

- झापा गाउँपालिका भित्रका महिलाहरूलाई निजामती सेवा तर्फ आकर्षित गर्नका लागि लोकसेवा तयारी कक्षा संचालन गर्नका लागि रु २ लाख तथा मधेसी, दलित, मुस्लीम, फरक क्षमता खस आर्य, जनजाति, आदिबासी तथा पिछडिएका वर्गका महिलाहरूलाई विशेष क्षमता अभिवृद्धि कार्यक्रम गर्ने महिला सशक्तिकरण तथा सीप, क्षमता विकास कार्यक्रममा रु १३ लाख विनियोजन गरेको छु । ३५ दिनभित्र जन्मदर्ता गर्ने बालबालिकालाई बाल पोषण तथा सुत्केरी सहायता रु ३००० का दरले रु १० लाख विनियोजन गरी महिला विकास तर्फ रु २५ लाख विनियोजन गरेको छु ।
- ८४ वर्षमाथिका अति ज्येष्ठ नागरिक , ६० वर्ष माथिका विदुर एकल ज्येष्ठ नागरिक लाई विगतमा दिंइदै आएको भत्तामा रु ३००० थप गरी वार्षिक रु ९००० का दरले प्रदान गर्न तथा सबै धर्म वर्ग, लिंग,क्षेत्रका ज्येष्ठ नागरिकको भ्रमण तथा तीर्थयात्रा कार्यक्रमका लागि रु २० लाख विनियोजन गरेको छु ।
- ३५ दिनभित्र जन्मदर्ता गर्ने दलित बालबालिका जन्मदर्ता प्रोत्साहनका लागी रु ५० हजार, विभिन्न दिवस तथा अन्य कार्यक्रमका लागि रु ५० हजार र सबै वडामा आवश्यक कानुन निर्माण गरी बालक्लब गठन तथा व्यवस्थापनका लागि रु २ लाख विनियोजन गरेको छु ।

➢ शहीद परिवार तथा यस गाउँपालिकाका स्थायी बासिन्दा भई हाल कुनै पनि सेवाको विशिष्ठ पदमा पुगेका कर्मचारी सम्मान कार्यक्रमका लागि रु १ लाख, अपांग सशक्तिकरण कार्यक्रम तथा अपाङ्गता केन्द्रको कार्यालय व्यवस्थापनका लागि ५ लाख , बिभिन्न धर्म, परम्परा, संस्कारको जगेर्ना गर्न रु ५ लाख, शर्पदंश निःशुल्क उपचार सहायता प्रदानका लागि रु ५ लाख र झापा गाउँपलिकाबासीलाई निः शुल्क रगत प्रदान गर्नका निमित्त रु ४ लाख विनियोजन गरेको छु ।

➢ मृत्यु संस्कार कार्यक्रममा प्रदान गर्दै आएको रु १० हजारमा रु ५ हजार वृद्धि गरी रु १५ हजारका दरले प्रदान गर्न रु ३७ लाख रकम विनियोजन

गरेको छु । यो सुविधा लिन नचाहने झापा गाउँपालिकाबासी मृतक परिवारलाई स-सम्मान समवेदना प्रकट गरिनेछ ।

- झापा गाउँपालिकामा स्थायी रुपले बसोबास गरेका मासिक ३० युनिट भन्दा कम विद्युत खपत गर्ने विपन्न वर्गका घर परिवारको विद्युत महसुल स्थानीय सरकारले बेहोर्ने व्यवस्था मिलाइएको छ जसका लागि रु ५० लाख विनियोजन गरेको छु । माथिका सबै प्रकारका सहायता सम्बन्धी सुविधा प्राप्त गर्नका लागि घरधुरी कर अनिवार्य तिरेको हुनुपर्ने व्यवस्था मिलाएको छु ।

सभाध्यक्ष महोदय,

अब म आ.व. २०७९/८० का लागि विनियोजित गाउँपालिका स्तरीय तथा झापा गौरवका आयोजना प्रस्तुत गर्न गइरहेको छु

- वडा नं. १

| | | |
|---|---|---|
| १ | अमरसिंह प्रा विको पश्चिम सितुमारी जाने सडकको वीचमा पूल निर्माण | १० लाख |
| २ | सालमारा देखि लसुनगन्जको पक्कि पूल सम्म सडक तथा पूल निर्माण | १० लाख |
| ३ | अमरपथ मुल्मिको घरदेखि वीरसिंह गाउँ हुँदै सितुमारी जाने बाटो कालोपत्रे | ५० लाख |

➢ वडा नं. २

| | | |
|---|---|---|
| १ | कुवाडी बजारदेखी पश्चिम मलामी जाने बाटो सडक निर्माण | ५ लाख |
| २ | बिपन्न परिवारलाई आवास निर्माण | १० लाख |
| ३ | इन्द्र खतिवडाका घरदेखि जुडो प्रा.वि. सम्म सडक कालोपत्रे | ५० लाख |
| ४ | पुरानो बाटो सन्थालको गाउँदेखि उत्तर ग्रामथान जाने सडक निर्माण | ५ लाख |

➢ वडा नं. ३

| | | |
|---|---|---|
| १ | कामाटोलि बजारदेखि खयरबारी जाने सडक तथा फुलगाछीको खार्मेली चोकदेखि पूर्व अमरपथ सम्म सडक कालोपत्रे | ७० लाख |

➢ वडा नं ४

| | | |
|---|---|---|
| १ | कामाटोलि बजारदेखि खयरबारीसम्म सडक कालोपत्रे | ५० लाख |
| २ | ग्रहणलालको बाँधदेखि पूर्व मुस्लिम टोल जाने सडकमा पूल निर्माण | ८ लाख ५० हजार |
| ३ | सुकुम्बासी टोलमा पूल निर्माण | ८ लाख ५० हजार |
| ४ | सुकुम्बासी टोलमा राममन्दिर निर्माण | ३ लाख |

➢ वडा नं. ५

| | | |
|---|---|---|
| १ | रामजानकी प्रा.वि.को दक्षिण होक्लाबारी जाने अधुरो पीच निर्माण | ६० लाख |
| २ | पन्थापाडा बजारमा ढलान | ७ लाख |
| ३ | पुरानो शरणामती बजार ढलान | ३ लाख |

➢ वडा नं. ६

| | | |
|---|---|---|
| १. | चन्द्रबस्तीदेखि शरणामती हेल्थपोस्ट हुँदै अमरपथ जोड्ने | ५० लाख |

| | | |
|---|---|---|
| | सडक | |
| २. | शरणामती बजार ढलान | ७ लाख |
| ३. | सामुदायिक भवन शरणामती निर्माण | ५ लाख |
| ४. | प्रणामी गुरुकुल भवन निर्माण | ५ लाख |
| ५. | ६ नम्वर वडा कार्यालयमा सर्टर निर्माण | ३ लाख |

➢वडा नं. ७

| | | |
|---|---|---|
| १. | नगेन्द्र बोहोराको घरदेखि उत्तर दयालधाम जाने सडक कालोपत्रे | रु. ५० लाख |
| २ | वडा कार्यालयको छतमा ट्रष्ट निर्माण | ५ लाख |
| ३ | मदरगाछ बजार ढलान तथा व्यवस्थापन | ५ लाख |
| ४ | दयालधाम मन्दिर निर्माण तथा व्यवस्थापन | ५ लाख |
| ५ | मदरगाछ बजार पश्चिम मलामी सडक निर्माण | ५ लाख |

सभाध्यक्ष महोदय,

अब म आर्थिक बर्ष २०७९/८० मा वडा स्तरबाट संचालन हुने आयोजना तथा कार्यक्रमहरू प्रस्तुत गर्न चाहन्छु ।

जयनारायण शाह
अध्यक्ष

जयनारायण शाह
अध्यक्ष

# झापा गाउँपालिका वडा नं. १ स्तरीय आयोजनाहरू

| क्र.सं. | कार्यक्रम | उपक्षेत्र | विनियोजित रकम |
|---|---|---|---|
| १ | शिक्षा विकाश तर्फ | शिक्षा | ५००,०००।- |
| २ | कन्काई बाल विकास केन्द्र व्यवस्थापन (क) | शिक्षा | १००,०००।- |
| ३ | कान्काई बाल विकास केन्द्र व्यवस्थापन (ख) | शिक्षा | १००,०००।- |
| ४ | खेलकुद सामग्री खरिद | युवा तथा खेलकुद | ५०,०००।- |
| ५ | वडा कार्यालय साईकल स्टेन्ड | निर्माण | ५०,०००।- |
| ६ | छोटी भन्सार, र कालोपत्रे सडकको किनारमा बृक्षारोपण | वन तथा वातावरण | १००,०००।- |
| ७ | महिला तथा अपाङ्गलाई सिपमुलक तालिम | महिला/बालबालिका | १००,०००।- |
| ८ | ५०% अनुदानमा १०० बायोफिल्टर वितरण | खानेपानी | १५०,०००।- |
| ९ | विपन्न वर्गलाई जनचेताना मुलक कार्यक्रम संचालन | सामाजिक विकास | १००,०००।- |
| १० | वडा कार्यालयमा फर्निचर खरिद | कार्यालय व्यवस्थापन | ४०,०००।- |
| [illegible] | वडा भित्रका कृतनमण्डलीलाई कृतन सामग्री वितरण | भाषा संस्कृति | ७५,०००।- |
| १३ | पिडित उद्धारका लागि आवश्यक सामग्री खरिद | सामाजिक | ५०,०००।- |
| १४ | सिद्धिनगर सत्सङ्ग मन्दिर भौतिक सुधार | भवन | २००,०००।- |
| १५ | बेलायतीबारी भगवती मन्दिर छत ढलान | भाषा/संस्कृति | ७५०००।- |
| १६ | मिलनचौकमा हनुमान मन्दिर निर्माण | भाषा/संस्कृति | ५०,०००।- |
| १७ | किरात याक्थुङ चुम्लुङलाई पोषाक तथा बाजा खरिद र गूम्बामा घन्टी खरिद | भाषा/संस्कृति | ६०,०००।- |
| १८ | सुफलको घर अगाडि माझिथान जाने बाटो निर्माण | भाषा/संस्कृति | ५०,०००।- |
| १९ | नर ब. लिम्बुको घरदेखि सिद्धिनगर जाने ३ वटा भित्री बाटो ग्राभेल | यातायात पुर्वाधार | १५०,०००।- |
| २० | अमरपथ बाटो देखि रूपलाल गणेशको घरसम्म जाने बाटो ग्राभेल | यातायात पुर्वाधार | १५०,०००।- |
| २१ | अमरपथ बाटो देखि उवासुको घरसम्म जाने बाटो मर्मत | यातायात पुर्वाधार | १००,०००।- |
| २२ | लखिरामको घर देखि अमरसिंह प्रा.वि. पछाडिको बाटो ग्राभेल | यातायात पुर्वाधार | २००,०००।- |
| २३ | मोहनदेव यादवको घर उत्तर जंग बहादुरको घरसम्म ढल निकास | सरसफाई | ३००,०००।- |
| २४ | लसुनगंज मदरसा देखि नदीसम्म जाने बाटो ग्राभेल | यातायात पुर्वाधार | १५०,०००।- |
| २५ | अकालु मियाको घर पश्चिम तमिजोको घरसम्म जाने बाटो ग्राभेल | यातायत तथा पुर्वाधार | १५०,०००।- |
| २६ | धमालु मियाको घर उत्तर लैफोदिनको घरसम्म जाने बाटो मर्मत | पुन: निर्माण | १००,०००।- |
| २७ | कालोपत्रे पूर्व नजिर मियाको घरसम्म बाटो ग्राभेल र पुरानो स्कुल चौकमा हनुमान मन्दिर निर्माण | यातायात पुर्वाधार | १००,०००।- |
| २८ | फाल्गुनानन्द बिश्रमालय हुँदै शुक्रको फर्म सम्म बाटो ग्राभेल | यातायात पुर्वाधार | २००,०००।- |
| २९ | सेरमा टोलदेखि न्यौपानेको घरसम्म बाटो ग्राभेल | यातायात पुर्वाधार | १५०,०००।- |
| ३० | बाँधदेखि रघुटोल हुँदै ढेनाको घरसम्म जाने बाटो ग्राभेल | यातायात पुर्वाधार | २५०,०००।- |
| ३१ | सालमारा बजार व्यवस्थापन | निर्माण | १५०,०००।- |
| ३२ | सालमारा बजार छेउको इद्‌गा घेराबेरा | भाषा संस्कृति | १५०,०००।- |
| ३३ | सितुमारी सिँचाई पैनी मर्मत | पुन: निर्माण | १००,०००।- |
| ३४ | सितुमारी दाहसत्कार जाने ट्रस्टपुल | निर्माण | २००,०००।- |
| ३५ | वडा स्तरीय मर्मत संम्भार कोष | पुन: निर्माण | ५००,०००।- |
| ३६ | अवलोकन भ्रमण | भ्रमण | ५०,०००।- |
| ३७ | सितुमारी ग्रामथान निर्माण | भाषा/संस्कृति | ५०,०००।- |
| ३८ | आधारभुत स्वस्थ्य केन्द्रमा साईकल स्ट्यान्ड | निर्माण | ५०,०००।- |

जयनारायण शाह
अध्यक्ष

# झापा गाउँपालिका वडा नं. २ स्तरीय आयोजनाहरु

| क्र.स. | कार्यक्रम /आयोजना /क्रियाकलापको नाम | उपक्षेत्र | विनियोजित |
|---|---|---|---|
| १ | शिक्षा विकास तर्फ | शिक्षा | ५,००,००० |
| २ | बाल शिक्षा शैक्षिक सामाग्रीहरु खरिद (जुडो प्र.वि.) | शिक्षा | ५०,००० |
| ३ | झापा जिमखानामा सामान खरिद | युवा तथा खेलकुद | १,००,००० |
| ४ | झापा बजार भ्यापर लाईट जडान | विद्युत | १,००,००० |
| ५ | कुमरखोद साना किसान प्रविधि व्यवस्थापन | कृषि विकास | १,००,००० |
| ६ | ओम शान्ति झापा बजारको भौतिक सुधार | भाषा /संकृति | १,५०,००० |
| ७ | लुखि हेमरम गाउँमा माझिथान निमार्ण/कुर्सी खरिद | भाषा /संकृति | ७५,००० |
| ८ | सुगाबथान राम मन्दिरमा माईक सेट तथा कुर्सी खरिद | भाषा /संकृति | ५०,००० |
| ९ | हल्दारबस्तीमा शिव मन्दिर निमार्ण | भाषा /संकृति | २,००,००० |
| १० | शिव चर्चाको लागि बाध्ययन्त्र खरिद | भाषा/ संकृति | ३५,००० |
| ११ | कुवाडी चर्चमा बध्ययन्त्र खरिद (सन्तोष) | भाषा/ संकृति | ४०,००० |
| १२ | वानम र सुफलको घर छेउको माझिथान निमार्ण | भाषा/ संकृति | १,००,००० |
| १३ | तल्लो कुवाडी ग्रामथान सुधार | भाषा/ संकृति | ५०,००० |
| १४ | सृजनाबस्ती ग्रमथान | भाषा/ संकृति | ५०,००० |
| १५ | सडकबारीमा शिव मन्दिर निमार्ण | भाषा/ संकृति | २,००,००० |
| १६ | किरात जातिको बाजा/पोशाक खरिद | भाषा/ संकृति | ५०,००० |
| १७ | भागिरथा गंगा मन्दिर घेरावेरा | भाषा/ संकृति | ५०,००० |
| १८ | वालुटार संथाल समुदाय पोशाक/बाजा खरिद | भाषा/ संकृति | ५०,००० |
| १९ | खेलकुद सामाग्री खरिद | युवा तथा खेलकुद | ५०,००० |
| २० | वडा कार्यालय व्यवस्थापन | निमार्ण | ८०,००० |
| २१ | अवलोकन भ्रमण | निमार्ण | ५०,००० |
| २२ | ह्यमपाईप खरिद | यातायात /पूर्वाधार | ३,२०,००० |
| २३ | वडा स्तरिय मर्मत संभार /विविध | यातायात /पूर्वाधार | ५,००,००० |
| २४ | कृषि तथा पशुसेवा कार्यक्रम | कृषि/पशु | १,००,००० |
| २५ | लक्ष्मी मार्ग उत्तर भित्रि नयाँ बस्ती जाने बाटो ग्राभेल | यातायात/पूर्वाधार | १,००,०००/- |
| २६ | तेली गाउँ उत्तर कृषि मार्ग ग्राभेल | यातायात/पूर्वाधार | १,००,०००/- |
| २७ | रामनाथ गिरीको घर जाने बाटो ग्राभेल | यातायात/पूर्वाधार | ५०,०००/- |
| २८ | सोनालाल मार्ग ग्राभेल | यातायात/पूर्वाधार | १,००,०००/- |
| २९ | लक्ष्मी मार्ग देखि कृपाको घर सम्मको बाटो तथा चर्च मर्मत | यातायात/पूर्वाधार | ५०,०००/- |

जयनारायण शाह
अध्यक्ष

| | | | |
|---|---|---|---|
| ३० | लक्ष्मी मार्ग देखि लखिराम मुर्मुको घर जाने बाटो ग्राभेल | यातायात/पूर्वाधार | ५०,००० |
| ३१ | कामतबस्ती भित्री जाने बाटो मर्मत | यातायात/पूर्वाधार | ५०,००० |
| ३२ | खाने पानि ट्यङ्की जाने बाटो मर्मत | यातायात/पूर्वाधार | १,००,००० |
| ३३ | हल्दारबस्तीको कृतन मण्डली भवन अगाडी माटो पुर्ने काम | निमार्ण | ५०,००० |
| ३४ | डिकाम्बर राजवंशी र किसन राजवंशीको घर जाने बाटो ग्रोभेल | यातायात/पूर्वाधार | १,००,००० |
| ३५ | अगनसरी ताजपुरीयाको घर देखि रामदेव राजवंशीको घर हुदै जाने बाटो ग्राभेल | यातायात/पूर्वाधार | १,००,००० |
| ३६ | सावविक वडा नं. ७ को लक्ष्मी मार्ग पुर्व गाउँ जाने बाटोहरु ग्राभेल | यातायात/पूर्वाधार | १,५०,००० |
| ३७ | चन्द्रेको पसल देखि यज्ञ मगरको घर जाने बाटो | यातायात/पूर्वाधार | ५०,००० |
| [illegible] | लक्ष्मी मार्ग बाट कुम्सको घर जाने बाटो | यातायात/पूर्वाधार | ५०,००० |
| ३९ | वडा नं. ७ पैडेलको घर छेउको कृतन मण्डली भवन निमार्ण | भौतिक निमार्ण | २,००,००० |
| ४० | लक्ष्मी मार्ग पश्चिम हरिको घर हुदै जाने मलामी मार्ग ग्राभेल | यातायात/पूर्वाधार | १,००,००० |
| ४१ | सडकबारी खोप केन्द्रमा शौचालय | भौतिक निमार्ण | ५०,००० |
| ४२ | कृतको घर देखि दक्षिण पुर्व आउने बाटो ग्राभेल | यातायात/पूर्वाधार | १,००,००० |
| ४३ | वर विपल देखि नेवार बस्ती जाने बाटो ग्राभेल | यातायात/पूर्वाधार | १,००,००० |
| ४४ | कृष्ण कार्कीको घर देखि रानी कर्णको घर जाने बाटो ग्राभेल | यातायात/पूर्वाधार | १,००,००० |
| ४५ | शिवजी पोखरी बाटो मर्मत | यातायात/पूर्वाधार | १,००,००० |
| ४६ | निशावुको घर देखि अैजुवको घर सम्म बाटो ग्राभेल | यातायात/पूर्वाधार | १,००,००० |
| ४७ | मेदेको घर देखि जाने भित्री बाटो नारायण कोचको बाटो ग्राभेल | यातायात/पूर्वाधार | १,००,००० |

जयनारायण शाह
अध्यक्ष

जयनारायण शाह
अध्यक्ष

| | | |
|---|---|---|
| | अन्य: | |
| ,२८ | वडा कार्यालय व्यवस्थापन: | |
| | फर्निचर खरिद (रु.१,००,०००।) र मेसिनरी सामाग्री खरिद(रु.१,००,०००।) | ,२,००,०००। |
| ,२९ | ह्यूम्पाईप खरिद | ,२,५०,०००। |
| ३० | वडास्तरीय मर्मत सम्भार | ५,००,०००। |
| ३१ | विविध कार्यक्रम | ,२,००,०००। |
| | जम्मा | ५४,०००००। |

जयनारायण शाह
अध्यक्ष

## वडा नं. ४ का वडागत योजनाहरू

| | आयोजनाको नाम | रकम |
|---|---|---|
| | शिक्षा | |
| | शैक्षिक सुधार (बिद्यालय तथा मदरसा) | २ लाख |
| | | |
| १ | पूर्वाधार तथा बिकाश निर्माण | |
| २ | मुस्ताफाको घर देखि पश्चिम बगान देखि खयरबारी पिच सम्म ग्राबेल | १.५ लाख |
| ३ | आधारभूत स्वास्थ्य केन्द्रमा माटो भर्ने | १ लाख |
| ४ | शिवालय मन्दिर शिवालय टोल भजन मण्डली घर निर्माण | १.५ लाख |
| ५ | चौधरी टोल ग्रामथान निर्माण | १.५ लाख |
| ६ | मसुदुल उलूम मदरसा भाम्बस्तीको अधुरो भवन निर्माण | २ लाख |
| ७ | शिवालय टोल अनिता के सिको घर पश्चिम प्रेम हवल्दारको घर सम्म उच्च स्तरीय ग्राबेल | १.५ लाख |
| ८ | दोसाकी अकतारिको घर देखि पश्चिम जाने बाटो ग्राबेल | ,२ लाख |
| ९ | नया टोल कबरस्थान घेरबेरा | १.५ लाख |
| १० | चर्तागछी कबरस्थान घेरबेरा | १ लाख |
| ११ | अहली आदिस इद गा मा माटो पुर्ने | १ लाख |
| १२ | रूहिमारी इस्लामिया मदरसामा सीसीटिभी र सोलार जडान | १ लाख |
| १३ | वडा भरिका कल्बर्ट र ह्यमपाईप खरिद तथा जडान | २ लाख |
| १४ | मंगलबारे बजार क्षेत्र मर्मत | ७५ हजार |
| १५ | दोसकिको कबरस्थान घेरबेरा | १ लाख |
| १६ | भामटोलि कबरस्थान पूर्वको बाटो ग्राबेल | १ लाख |
| १७ | दिन्कट्टू गाउमा बाटो ग्राबेल | १ लाख |
| १८ | मुस्तफाको घर दक्छिन कबरस्थान जाने बाटो माटो भर्ने | १ लाख |
| १९ | श्री सुरक्षा बाल केन्द्र अधुरो भवन निर्माण | ३ लाख |
| २० | निजामिया इस्लामिया मदरसा बासबारी भवन निर्माण | २ लाख |
| २१ | सामग्री खरिद | |
| २२ | खयरबारी स्थित चर्च को लागि बाजा खरिद | ५० हजार |
| २३ | साझेदारीमा मिटर खरिद | १ लाख |
| २४ | साझेदारीमा कल खरिद | १ लाख |
| २५ | सन्थाल जातिका लागि बाजा खरिद | ५० हजार |
| | | |
| | | |
| २६ | कृषि तर्फ | |
| २७ | तरकारी खेतिको लागि तालिम | १ लाख |
| २८ | साझेदारीमा किसानका लागि टनेल र बिउ बिजन खरिद | १ लाख |
| २९ | अलिआरा कृषि तथा पशुपालन फर्म | १ लाख |
| ३० | सीताजी गाइ फर्म | १ लाख |
| ३१ | गोपाल गाइ फर्म | १ लाख |
| ३२ | | |
| ३३ | लक्षित वर्ग | |
| ३४ | महिलाहरुलाई सिप मुलक तालिम तथा जनचेतना मुलक कार्यक्रम | २ लाख |
| | | |
| ३५ | खेलकुद | |
| ३६ | खेलकुद सामग्री खरिद | १ लाख |

| | | |
|---|---|---|
| ४० | अन्य | |
| ४१ | कार्यालय व्यवस्थापन | ३ लाख |
| ४२ | विविध | २ लाख |
| ४३ | वडा स्तरीय मर्मत सम्भार | ५ लाख |
| ४४ | वडा भरिका मन्दिर व्यवस्थापन | ७५ हजार |
| | जम्मा | ५१ लख |

वडा नं.५ को कार्यालय

| सि.नं. | आयोजनाको नाम | विनियोजित रकम |
|---|---|---|
| क | भौतिक पूर्वाधार विकास | |
| १ | महवुलको नयाँ घरदेखि पुरानो घरसम्म जोडने बाटोलाई मर्मत | १ लाख |
| २ | विष्णु चोकदेखि पश्चिम उदित राजवंशीको घरसम्म जोडने बाटो मर्मत | ५० हजार |
| ३ | त्रिरत्न गणेशको घरपुर्व रहेको उत्तरदक्षिण चकचकी जानेबाटोलाई माटो सहित मर्मत | २ लाख |
| ४ | सिमलडाँगी गाउँ उत्तर रहेको ग्रील चोक देखि उत्तर सुकुरदीन मियाको घरसम्म जोडने बाटो मर्मत | १ लाख ५० हजार |
| ५ | हुलाकी मार्गदेखि उत्तर विश्वा मुखियाको घरसम्म जोडने बाटो मर्मत | ५० हजार |
| ६ | हुलाकी मार्गदेखि दक्षिण प्रेम कुमार मण्डलको घरसम्म जोडने बाटो मर्मत | ५० हजार |
| ७ | केशवको कुखुरा फर्मदेखि उत्तर रहेको पुर्व पश्चिम रहेको जयनारायण गणेशको घरसम्म जोडने बाटो मर्मत | १ लाख |
| ८ | बैशाखु गणेशको घरदेखि दक्षिण सन्थाल गाउँसम्म जोडने अधुरो बाटो निर्माण | २ लाख |
| ९ | मण्डल राजवंशीको भिठा देखि पुर्व बाधँसम्म जोडने बाटो लाई माटो पुरी मर्मत | १ लाख |
| १० | राधावस्तीको श्री राम जानकी मन्दिर देखि पूर्व बाँधसम्म जोडने मलामी बाटो मर्मत | २ लाख |
| ११ | विष्णु महतोको घर उत्तर राजेश गणेशको घरहुँदै विरिङ खोलासम्म जोडने बाटोलाई मर्मत | १ लाख |
| १२ | तेजुको घर अगाडिको बाटोलाई मर्मत | १ लाख |
| १३ | ह्युम पाईप खरिद | ३ लाख ५० हजार |
| १४ | रुपचन्द्र गाउँ दक्षिण रहेको कदम चौकमा चौतारा निर्माण | १ लाख |
| १५ | वाशिया टोलमा पिच बाटोको पुर्व र पश्चिम ढल निकासाको लागि ड्रेन सहित पैनी निर्माण | १ लाख ७५ हजार |
| १६ | हुलाकी मार्गदेखि दक्षिण तिर गएको पैनी मर्मत | ५० हजार |
| १७ | राजेन्द्र प्र.भण्डारीको पसलदेखि पुर्व फुच्कु चोकसम्म मर्मत | ७५ हजार |
| १८ | हुलाकी बाटो देखि दक्षिण हरेको पैनी मर्मत | ५० हजार |
| १९ | वडा स्तरीय मर्मत सम्भार कोष | ४ लाख |
| | जम्मा | |
| ख | आर्थिक,सामाजिक एवं साँस्कृतिक विकास | |
| १ | पुरानो शरणमती बजार दक्षिण रहेको श्री राम जानकी मन्दिरको छेउमा रहेको शिवालय मन्दिर पुनः निर्माण | १ लाख |
| २ | पुरानो शरणामती बजार भित्रमा रहेको दुर्गा मन्दिरको रङ्गरोगन | ५० हजार |
| ३ | ५ नं.वडा भरि ग्रामथान निर्माण | ४ लाख |
| ४ | खातावस्ती टोलमा रहेको चर्च भित्रमा सार्वजनिक ट्वाइलेट निर्माण | १ लाख |
| ५ | वडा नं.५ को चामापारा गाउँमा रहेको ईदगाहा घेरावेरा | १ लाख |
| ६ | सिमलडाँगी गाउँपुर्व रहेका कवरस्तान घेराबेरा | १ लाख |
| ७ | महिलालाई सिलाईबुनाई सिपमुलक तालिम | २ लाख |
| | जम्मा | |
| ग | शिक्षा,युवा तथा खेलकुद विकास | |
| १ | श्री महेन्द्र मा.वि.पन्थापाडामा शैक्षिक सुधार कार्यक्रम | २ लाख |
| २ | श्री रामजानकी आधारभुत विद्यालयको शैक्षिक सुधार कार्यक्रम | १ लाख |
| ३ | सिमलडाँगीको दारुसलाम मदरसाको अधुरो घेरावेरा | १ लाख |
| ४ | चामापारा रोहीमारीको मिस वाहुल उलुम मदरसाको अधुरो घेरावेरा | १ लाख |
| | जम्मा | |
| घ | स्वास्थ्य,कृषि, वन वातावरण एवं विपद व्यवस्थापन | |
| १ | नागरिक आरोग्य क्लिनिक वडा नं.५ मा संचालन | ७५ हजार |
| २ | पन्थापाडाको आधारभुत स्वास्थ्य सेवा केन्द्रको भुई ढलाई | ७५ हजार |
| ३ | बेमौसमी तरकारी खेती तालिम संचालन | ५० हजार |
| ४ | वडा कार्यालय,सामुदायिक विद्यालय र मदरसामा वृक्षारोपण | ५० हजार |
| | जम्मा | |
| ङ | सुशासन तथा संस्थागत क्षमता | |
| १ | वडा कार्यालयका लागि ल्याप्टप,प्रिन्टर खरिद | १ लाख |
| २ | वडा कार्यालय व्यवस्थापन खर्च | १ लाख ५० हजार |
| ३ | जनप्रतिनिधी तथा कर्मचारीहरुको अध्ययन अवलोकन भ्रमण | १ लाख |
| ४ | वडा गतिविधि,सन्देशमूलक सूचना प्रकाशन | १ लाख |
| ५ | वडा नं.५ मा शाखारहित(BLB)बैंक संचालनका लागि मसलन्द खर्च | १८ हजार |
| च | अन्य विविध कार्यक्रम खर्च | २ लाख ५० हजार |
| | कुल जम्मा | ५१ लाख १८ हजार |

आ.व. २०७९।८० को लागिवडा नं. ६ बाट पेश गरिएको योजनातथाकार्यक्रमहरु :

वडास्तरिय योजनातथाकार्यक्रम : ५१ लाख

क) पूर्वाधार विकास : ३०लाख

१.यामनाथभट्टराईको घर दक्षिणच्याउफर्म जाने बाटो ग्राबेल १ लाख

२. लक्ष्मीपौडेलको घरबाटदक्षिण सन्थालबस्तीसम्मजाने बाटो ग्राबेल १ लाख

३. कृष्णदंगालको घरदेखी हरि शंकर मिश्रको घरसम्म बाटो ग्राबेल १ लाख

४. अम्बिकाआचार्यको खेतदेखी प्रसाद दाहालको खेतसम्मजाने बाटो ग्राबेल ७५हजार

५. राम प्रसादसिटौलाको घर पुर्वबाटउत्तर जाने बाटो ग्राबेल ५० हजार

६. वसुलीमार्गबाटखनालको घर जाने बाटो ग्राबेल ५० हजार

७. पार्वताभट्टराईको खेतबाटमुना रायको घर जाने बाटो ग्राबेल ७५ हजार

८. धनपतिरसाइलीको घरदेखि चन्द्र ज्योती स्कुलजाने बाटो ग्राबेल ५० हजार

९. चर्चबाटउत्तर पौडेलको घरसम्म जाने बाटो ग्राबेल ५० हजार

१०. गुरुकुलभवनबाटउत्तर नारायण प्र. थपलियाको घर जाने बाटो ग्राबेल ५० हजार

११. दुर्गा सिटौलाको घरबाटपुर्व जाने बाटो ग्राबेल १ लाख

१२. कनकाई खानेपानीबाटपुर्व बिरिङ्ग जाने बाटो ग्राबेल १ लाख

१३. सुकुम्बासीबस्तीफुलगाछीको बाटो ग्राबेल १ लाख

१४. निकास रिजालको घरबाटपश्चिमशान्तादर्नालको घर जाने बाटो ग्राबेल १ लाख

१५. वडाकार्यालय पछाडीबाट सामुदायिकभवनसम्मजाने बाटो मर्मत ५० हजार

१६. कमलभट्टराईको घर दक्षिणबाटपश्चिम नर्सरी जाने बाटो ग्राबेल १ लाख

१७. हरि कुमार पराजुलीको घरदेखी कृष्ण सुवेदीको घरसम्म जाने बाटो ग्राबेल ५० हजार

१८. एकराजबजगाइको घर पुर्व जाने बाटो ग्राबेल ५० हजार

१९. फुलगाछी चोकबाट रमा श्रेष्ठको घर जाने बाटो मर्मत ५०हजार

२०.प्रधानटुडूको घरबाट उप्रेतीको घर जाने बाटो मर्मत ५०हजार

२१.हर्क राईको घर हुँदै युवराजदर्जी ( मन्टेश्वरी ) जाने बाटो मर्मत ५० हजार

२१. ह्युमपाइपखरिद तथाव्यवस्थापन ३ लाख

२२. वडाकार्यालय परिसर पार्केटिङ ३ लाख

२३. विपन्नवर्गको लागिविद्युतमिटर वितरण १लाख

२४. खुलाव्यायामशालानिर्माण ३ लाख

२५. वडास्तरिय मर्मत सम्भार ५ लाख

**ख) कृषि : ४**

१. कृषिपाठशाला सञ्चालन १ लाख

२. भर्मी कम्पोष्टमलउत्पादानतालिम २ लाख

३. सुर्यमुखीतथातोरीको बिउ बिजनबितरण १ लाख

**ग) स्वास्थ्य : ४.५लाख**

१.विपन्नवर्गका परिवारको स्वास्थ्यबिमाकार्यक्रम १.५ लाख

२. आयुर्वेद औषधालयको औषधीखरिद १.५लाख

३. शरणामती स्वास्थ्य चौकीको परिसर मर्मत सम्भार ५० हजार

४. निशुल्क स्वास्थ्य परिक्षणशिबिर १ लाख

**घ) शिक्षाः ३.५ लाख**

१.जनता मा वि रंग रोगन १.५ लाख

२. भृकुटीआवि रंग रोगन १ लाख

३. चप्रामारी प्राविशैक्षिक सुधार ५० हजार

४. आदर्श जनताप्रावि शैक्षिक सुधार ५० हजार

जयनारायण शाह
अध्यक्ष

ङ) **युवातथाखेलकुद :२.५लाख**

१.युवालक्षित स्वरोजगार तालिम — २ लाख

२. खेलकुद विकास — ५० हजार

च) **महिला/बालबालिका/अपाङ्ग तथाज्येष्ठनागरिक :२.५लाख**

१.अचार उत्पादनतथाबजारीकरण सम्बन्धीमहिलातालिम — १ लाख

२. बालबालिकासँगवडाध्यक्षकार्यक्रम — ५० हजार

३. ज्येष्ठनागरिक सम्मानकार्यक्रम — ५० हजार

४. अपाङ्गताभएकाव्याक्तिको व्यक्तित्वविकास कार्यक्रम — ५० हजार

छ) **सुशासन : २ लाख**

१.वडाकार्यालय व्यवस्थापन — १ लाख

२. अध्ययन, अवलोकन भ्रमणतथातालिम — १ लाख

ज) **धर्म, संष्कृतीतथा परम्परा : २ लाख**

१. नौमतीबाजा संरक्षण — ५० हजार

२. रानी सामुदायिकवनको साकेलामन्दिर जिर्णोद्धार — ५० हजार

३. शनियोगमन्दिर मर्मत — ५० हजार

४. गुरुकुल सत्संग भवन — १ लाख

२०७६।७।२०

झापा गाउँपालिका वडा नं. ७ का

वडास्तरीय योजनाहरु

क. पुर्वाधार विकास (३१.५लाख)

१. वेलडागी स्थित मदरसा घेरावारा तथा २५ थानकुर्सी खरिद - २ लाख

२. मदरगाछ मदरसा घेरावारा तथा २५ थानकुर्सी - २ लाख

३. एजिचर्चमर्मत संभार- १लाख

४. तिनटोलियाजायरथानको छानो मर्मत - १ लाख

५. वावुलाल टोल, जनमघुटु सुफलको घरछेउ, फुलडाई टुडुको घरछेउ, लक्षिमामुर्मुको घरछेउ माझीथानमर्मत - १ लाख

(२५-२५ हजारको दरले)

६. बोहोरा चौक देखि खोला सम्म वाटो ग्रावेल - १ लाख

७. दविदचर्चमर्मत संभार - १ लाख

८. रमण दासको मिलदेखि दक्षिण र पूर्व जाने वाटो ग्रावेल - १ लाख

९.मदरगाछ खोप केन्द्रमाग्रिलतथाझ्याल - १ लाख

१०. गौतमवुद्ध स्कुलदेखि पश्चिम खड्ग मगरको घरहुँदै सरिताकामीको घर जाने वाटो ग्रावेल - १ लाख

११. डोलेन्द्र वाँधपैनीमर्मत - १ लाख

१२. ज्योतिषमार्ग वाटो ग्रावेल - २ लाख

१३. साईलामुर्मुको घर उत्तर दिलिपदासको खेत सम्मजाने वाटो ग्रावेल - १ लाख

१४. थापाचौक देखि दक्षिण पश्चिम वाटो ग्रावेल - १ लाख

१५. ज्योतिषमार्गदेखि समृद्धि मार्ग वाटो ग्रावेल - २ लाख

१६. धनपतीउप्रेतीमार्ग वाटो ग्रावेल - ५० हजार

१७. चौधरी वस्ती जाने वाटो ग्रावेल - १ लाख

१८. मदरगाछ देखिमलामी टहरो जाने वाटोमा माटो हाल्ने - ५० हजार

१९. मदरगाछ बजार पूर्व पश्चिमदुवै साइडको वाटो ग्रावेल तथा ढल निर्माण - १ लाख

२०.टप्पु जाने वाटो ग्रावेल - १ लाख

२१. कुमार राईको घर देखि सानोमाई सम्म वाटो मर्मत तथाग्रावेल - ५० हजार

२२. दयालधाममन्दिरमा पाकघर (भान्सा) मर्मत तथानिर्माण - १ लाख

२२. हेमपाईप खरिद - ३ लाख

२३. वडा स्तरीय मर्मत संभार - ४ लाख

**ख. कृषि ( १.५लाख)**

१. साझेदारीमा बगरखेती कृषिविमा - ५० हजार

२. व्यवसायिक तरकारी खेतीतालिम - ५० हजार

३. पशुविमाकार्यक्रम(विपन्नतथाएकलमहिला परिवारको लागी) - ५० हजार

**ग. स्वास्थ्य ( ६.२५ लाख)**

१. आधारभुत स्वास्थ्य केन्द्र अगाडी टहरो निर्माण - १ लाख

२. निशुल्क स्वास्थ्यशिविर ( चौमाशिक रुपमा) - ३ लाख ५० हजार

३. विपन्नवर्गका परिवारको लागी स्वास्थ्यविमा - १.७५ लाख

**घ. शिक्षा ( ४ लाख)**

१. जनकल्याण मा.वि. मा प्लसटुकक्षा संचालनगर्न - २ लाख

२. प्रा.वि. तहमा अंग्रजी माध्यमवाट पठनपाठन गराउन पुस्तकखरिद - ७५ हजार

३. वाल विकास कार्यक्रम - २५ हजार

४. संथाल समुदाय वाट प्राविधिकशिक्षा पढने २ जना विधार्थीलाई छात्रवृति - १ लाख

**ङ. महिलावालवालिका ( ३ लाख)**

१. संथाल र दलितमहिलाको लागीसिलाई बुनाई तालिमतथा मेशिनखरिद - २ लाख

२. महिलासिपमुलकतालिम - १ लाख

**च. युवातथा खेलकुद ( २ लाख)**

१. क्रिकेट खेलको लागी खेल सामाग्रीखरिद - ५० हजार

२. संथाल समुदायका फुटवल खेलाडीकोलागी सामाग्रीखरिद - ५० हजार

३. खेलकुदविकास - १ लाख

**छ. पर्यटन तथावातावरण ( १.५ लाख)**

१. रानी सामुदायिकवनमा टहरो निर्माण - १.५ लाख

**ज. सुशासन (०.५लाख)**

१. कार्यालय व्यवस्थापन - ५० हजार

सभाध्यक्ष महोदय एवं गाउँसभा सदस्य ज्यूहरु,

एकात्मक, केन्द्रिकृत, राजनैतिक तथा प्रशासनिक राज्य व्यवस्थाले आम नागरिकको विकासको चाहानालाई सम्बोधन गर्न नसकेको अवस्थालाई मध्यनजर गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुरुप स्थानीय तहको निर्वाचन मार्फत जनताले सुम्पिएको विकासको चाहनालाई पूरा गर्न हामी छैटौ बर्षमा प्रवेश गरिरहँदा हाम्रो सामू अवसर तथा चुनौतीहरू दुवै भएतापनि बजेटलाई समावेशी, सन्तुलित, जनमुखी, संविधानले परिकल्पना गरेको समाजबाद उन्मुख बनाउन अधिकतम प्रयत्न गरेको छु । यस कार्यमा अमुल्य राय सुझावका साथै प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्ने कार्यपालिका, वडागत समितिहरू, सबै राजनैतिक दलहरू, सरोकारवालाहरू, संघसंस्था प्रति हार्दिक आभार व्यक्त गर्दै पालिकामा कार्यरत सबै राष्ट्रसेवक कर्मचारीहरूलाई बिशेष धन्यवाद दिन चाहन्छु । बजेट तथा कार्यक्रमलाई व्यापक रूपमा छलफल तथा आवश्यक संसोधन गरी पारित गर्न सम्मानित सभामा अनुरोध गर्दै यस बजेटको कार्यान्वयनका लागि बिशेष अपील गर्दछु ।

धन्यवाद ।

<u>प्रस्तुतकर्ता</u>

(अन्जुदेवी थपलिया )

उपाध्यक्ष

झापा गाउँपालिका

२०७९ साल असार १० गते शुक्रवार

जयनारायण शाह
अध्यक्ष

# अनुसूची – १

| क्र.सं. | चालु खर्चको बाँडफाँड | रकम (हजारमा) |
|---|---|---|
| १ | भ्रमण खर्च | १००० |
| २ | विविध खर्च | २३०० |
| ३ | सभा सञ्चालन खर्च | ७०० |
| ४ | घर भाडा | ३०० |
| ५ | सवारी साधन मेसिनरी | ५०० |
| ६ | भैपरी आउने चालु खर्च | १२०० |
| ७ | गाउँपालिका वडा कार्यालय, विषयगत शाखा कार्यालय आदिको अर्धवार्षिक तथा वार्षिक समिक्षा गोष्टि | २०० |
| ८ | अध्ययन अनुशन्धान तथा अवलोकन भ्रमण कार्यक्रम खर्च | २०० |
| ९ | ऐन, नियम, कार्यविधि लगायत कानुन निर्माण सम्बन्धि विभिन्न कार्यक्रमहरू | २०० |
| १० | कार्यक्रम खर्च अन्य | ५०० |
| ११ | वडा स्तरिय चालु खर्च | ३१५० |
| १२ | इनधन | २५०० |
| १३ | सवारी साधन मर्मत खर्च | १७०० |

| | | | |
|---|---|---|---|
| १४ | विमा तथा नविकरण खर्च | | ५०० |
| १५ | मेसिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | | ६०० |
| १६ | मसलन्द तथा कार्यालय सामाग्री | | ३००० |
| १७ | पुस्तक तथा सामाग्री खर्च | | १०० |
| १८ | इन्धन अन्य प्रयोजन | | ३५० |
| १९ | पत्र पत्रिका, छपाई तथा सुचना प्रकाशन खर्च | | २००० |
| २० | सेवा र परार्मश खर्च | | २००० |
| २१ | कर्मचारी तलव | | १३००० |
| २२ | पोषाक भत्ता | | २५० |
| २३ | महंगी भत्ता | | ६०० |
| २४ | करार कर्मचारी सेवा शुल्क,चाडपर्व खर्च,पोषाक भत्ता समेत | | १२५०० |
| २५ | कर्मचारी खाजा खर्च (दैनिक रु ५० का दरले) | | १५०० |
| २६ | कर्मचारी बैठक भत्ता | | ५०० |
| २७ | अन्य भत्ता | | ४०० |
| २८ | पदाधिकारी बैठक भत्ता | | १५०० |
| २९ | पदाधिकारी अन्य सुविधा | | ६००० |
| ३० | कर्मचारी कल्याण कोष | | १५०० |
| ३१ | पानी तथा विजुलि | | ६०० |
| ३२ | सञ्चार | | १००० |
| ३३ | सवारी साधन भाडा | | ६०० |
| ३४ | आधारभूत स्वास्थ्य केन्द्रका कर्मचारीको सेवा शुल्क | | ३१०० |
| ३५ | बाल शिक्षक तथा विद्यालय कर्मचारी | | ६४०० |
| ३६ | कोभिड अस्पताल | | १४०० |
| ३७ | थप कर्मचारी सेवा शुल्क(भुमि सम्वन्धी) | | १००० |
| ३८ | थप कर्मचारी सञ्चय कोष | | २५० |
| ३९ | भूमी सम्वन्धी कामका लागि मेसिनरी औजार खरिद | | ६०० |
| ४० | मदरसा तलव भत्ता | | ५२०० |
| **जम्मा** | | | ८०९०० |

जयनारायण शाह
अध्यक्ष

# अनुसूची – २

| | | |
|---|---|---|
| आर्थिक विकास | | २ करोड ६० लाख |
| कृषि तथा सहकारी विकास | | |
| सहकारी विकास | ६ लाख | |
| उन्नत बिउ बिजन | ५० लाख | |
| कृषक तालिम | २ लाख | |
| ५०% साझेदारीमा सिचाई व्यवस्थापन | २० लाख | |
| कृषक, कृषि समूह तथा सहकारी संस्था सगको ५०% साझेदारी अनुदानमा कृषिजन्य मेसिन खरिद | २५ लाख | |
| कृषिको लागि विद्युत विस्तार तथा व्यवस्थापन | ८० लाख | |
| पर्यटन | ८ लाख | |
| पशु सेवा विकास | | |
| नश्ल सुधार कार्यक्रम | ३ लाख | |
| पशु आहारको लागि घासको विउ वितरण | १ लाख | |
| पशुरोग नियन्त्रण | ५ लाख | |

जयनारायण शाह
अध्यक्ष

## अनुसूची – ३

| | | |
|---|---|---|
| पूर्वाधार विकास | | ११करोड ६७ लाख ८९ हजार ५ सय |
| वडा स्तरीय आयोजना ५१ लाखका दरले( ३ नं. वडालाई थप ३ लाख समेत) | ३ करोड ६० लाख | |
| गाउ स्तरीय गौरवका आयोजना | ४ करोड ९० लाख | |
| समपुरक कोष | ६५ लाख | |
| सानातिना मर्मत | ६७ लाख ८९ हजार ५ सय | |
| आकस्मिक कोष | ५० लाख | |
| विपन्न आवास कार्यक्रम | १ करोड | |
| पन्च वर्षीय आवधिक योजना, मध्यकालीन खर्च संरचना, तथा सम्भाव्यता अध्ययन आई.ई.ई., डि.पि.आर. लगायत विभिन्न आयोजनाहरू तथा कार्यक्रमका लागि परामर्श सेवा | १५ लाख | |

## अनुसूची – ४

| | | |
|---|---|---|
| वन, वातावरण तथा सरसफाई | | ६ लाख |
| वन तथा वृक्षारोपण | २ लाख | |
| फोहोरमैला तथा सरसफाई तथा खानेपानी व्यवस्थापन | ४ लाख | |



जयनारायण शाह
अध्यक्ष

## अनुसूची – ५

| | | |
|---|---|---|
| संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन | | १४ लाख |
| सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई | १ लाख | |
| मेसनरी औजार | ४ लाख | |
| कर्मचारीहरूको सूचना प्रविधि, खरिद तथा कार्यालय व्यवस्थापन सम्बन्धी तालिम | ३ लाख | |
| न्यायीक समिति तथा मेलमिलाप कर्ताको पुनर्ताजकी तालिम | १ लाख | |
| न्यायीक समिति तथा मेलमिलाप समिति कार्यालय व्यवस्थापन तथा विविध | २ लाख | |
| सातै वडाका मेलमिलाप समितिका पदाधिकारीहरू को खाजा खर्च | १ लाख | |
| स्व-मुल्यांकन, वित्तीय सुशासन जोखिम न्यूनीकरण तथा लै.स.सा.स.परिक्षण कार्यक्रम संचालन | १ लाख | |
| डिजिटल सार्वजनिक सेवा बडापत्र निर्माण | १ लाख | |

## अनुसूची – ६

| | | |
|---|---|---|
| सामाजिक विकास | | ४ करोड २० लाख ४१ हजार |
| शिक्षा विकास तथा सुधार | | |
| शिक्षा विकास | २० लाख | |

| | | |
|---|---|---|
| झापा नमुना क्याम्पस संचालन | १० लाख | |
| विद्यालयको भौतिक सुधार तथा व्यवस्थापन एवं जनता र डिल्लीराज मा.वि. मा निःशुल्क प्लस टु शिक्षा कार्यक्रम | ७० लाख | |
| कक्षा ९ मा अध्ययन गर्न भर्ना हुने छात्रछात्राको लागि साइकल वितरण | ४१ लाख | |
| विद्यालय संचालन अनुदान | ५ लाख २५ हजार | |
| विभिन्न प्रकारका छात्रवृत्ति कार्यक्रम (मुस्लीम, एस.इ.इ मा सर्वोत्कृष्ठ विद्यार्थी,तुलषा हेमरम छात्रवृत्ति) | ६ लाख ५० हजार | |
| स्थानीय पाठ्यक्रम निर्माण तथा पाठ्यपुस्तक छपाइ | १० लाख | |
| शिक्षक सूचना प्रविधि तालिम तथा अभिमुखीकरण | ५ लाख | |
| स्वास्थ्य सेवा सुधार | | |
| स्वास्थ्य जीवन तथा योग, ध्यान, विपसना | १ लाख | |
| आयुर्वेद सेवा कार्यक्रमहरू | ६ लाख | |
| विपन्न वर्गका दलित तथा अन्य वर्गका लागि स्वास्थ्य बिमा कार्यक्रम | ५ लाख | |
| उपाध्यक्ष बाल तथा मातृ शिशु स्याहार कार्यक्रम | ४ लाख | |
| जिरो होम डेलिभेरीका लागि नि : शुल्क एमबुलेन्स सेवा | १० लाख | |
| अस्पताल तथा स्वास्थ्य सेवा संचालन | २५ लाख | |
| जनता उपचार कार्यक्रम | ५ लाख | |
| म.स्वा.स्वं.से. प्रोत्साहन मासिक रू ३००० का दरले | ११ लाख १६ हजार | |
| औषधी खरिद | १० लाख | |
| युवा तथा खेलकुद | | |
| अध्यक्ष कप फुटबल, भलिबल, क्रिकेट | ८ लाख | |
| खेलकुद विकास कार्यक्रम | ७ लाख | |
| युवा उद्यमशिलता प्रवर्द्धन तथा विकास | ३ लाख | |
| खेलाडी सम्मान तथा अन्य कार्यक्रम | १ लाख | |
| झापा गाउपालिका स्तरीय राष्टपति रनिंग सिल्ड | १ लाख ५० हजार | |
| महिला सशक्तिकरण | | |
| झापा गाउँपालिका भित्रका महिलाहरूलाई निजामती सेवा तर्फ आकर्षित गर्नका लागि लोकसेवा तयारी कक्षा | २ लाख | |

| | | |
|---|---|---|
| संचालन | | |
| मधेसी, दलित, मुस्लीम, फरक क्षमता भएका, खस आर्य, जनजाति, आदिबासी तथा पिछडिएका बर्गका महिलाहरूलाई विभिन्न किसिमका विशेष क्षमता अभिवृद्धि तथा शिप विकास कार्यक्रम | १३ लाख | |
| ३५ दिनभित्र जन्मदर्ता गर्ने परिवारलाई बाल पोषणका लागि प्रति सुत्केरी सहायता (रु ३००० का दर) | १० लाख | |
| ज्येष्ठ नागरिक भत्ता (८४ वर्ष माथि) र विदुर एकल भत्ता **(६० बर्ष माथि)** तथा **ज्येष्ठ नागरिकलाई तीर्थाटनका लागि** | २० लाख | |
| बालबालिका | | |
| ३५ दिनभित्र जन्मदर्ता गर्ने दलित परिवारका बालबालिकालाई दलित जन्म दर्ता सहयोग (रू १००० का दरले) | ५० हजार | |
| दिवस तथा अन्य कार्यक्रम | ५० हजार | |
| कानुन तर्जुमा गरी बाल क्लब गठन तथा व्यवस्थापन | २ लाख | |
| शहिद परिवार, विशिष्ठ कर्मचारी सम्मान कार्यक्रम | १ लाख | |
| अपांग शसक्तिकरण कार्यक्रम तथा केन्द्र व्यवस्थापन | ५ लाख | |
| धर्म संस्कृति परम्परा जगेर्ना | ५ लाख | |
| सर्पदंश उपचार सहायता | ५ लाख | |
| विपन्न वर्गलाई रेडकस झापाको साझेदारीमा रक्तदान कार्यक्रम | ४ लाख | |
| ३० युनिट सम्म विद्युत खपत गर्ने परिवारलाई निःशुल्क बिद्युत सहायता | ५० लाख | |
| जन्म तथा मृत्यु संस्कार सहायता (प्रतिपरिवार रु १५,००० का दर) | ३७ लाख | |

जयनारायण शाह
अध्यक्ष